REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 07.07.2025

17औं ब्रिक्स शिखर सम्मेलनमा  प्रधानमन्त्री नरेन्द्र

ब्राजिलको रियो डी जेनरियोमा सम्पन्न 17औं ब्रिक्स शिखर सम्मेलनमा  प्रधानमन्त्री नरेन्द्र मोदीले सहभागिता जनाउँदै विभिन्न महत्वपूर्ण विषयमा भारतको स्पष्ट दृष्टिकोण प्रस्तुत गर्नुभयो। प्रधानमन्त्री मोदीले ब्रिक्सको उद्घाटन सत्रमा "वैश्विक शासनमा सुधार तथा शान्ति एवं सुरक्षा" र अर्को सत्रमा "बहुपक्षवादको सुदृढिकरण, आर्थिक–वित्तीय मामिला तथा आर्टिफिसियल इन्टेलिजेन्स" विषयमा सम्बोधन गर्नुभयो।उहाले ग्लोबल साउथको विषयलाई बलियो पार्ने भारतको प्रतिबद्धता दोहोऱ्याउँदै जलवायु वित्त र प्रविधिको पहुँचमा विकासशील देशहरूलाई सहयोग आवश्यक रहेको बताउनुभयो। प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघ, IMF, world बैंक र WTO जस्ता संस्थाहरूमा समसामयिक सुधार आवश्यक रहेको उल्लेख गर्नुभयो।

सिक्किम सरकारको ग्रिह विभागले आज एउटा अधिसूचना

सिक्किम सरकारको ग्रिह विभागले आज एउटा अधिसूचना जारी गर्दै राज्यका 6 वटै जिल्लाका लागि मुख्यमन्त्रीका अतिरिक्त राजनीतिक सचिव नियुक्त गऱ्यो। यसरी नै 24 जनालाई विभिन्न विभागका सल्लाहकार बनाइएको छ भने ,सरकारले 53 जनालाई विभिन्न विभाग र बोर्डहरूको अध्यक्ष अनि अन्य धेरै जनालाई सरकारी विभागमा ओएसडी बनाएको छ। यसरी नै बिरेन्द्र तामलिङ मुख्यमन्त्री प्रेमसिंह तामाङको प्रेस सल्लाहकार अनि गम्भीर मान लेप्चा मुख्यमन्त्रीका सल्लाहकार नियुक्त हुनुभएको छ। श्री ताम्लीङ एसकेएम सरकारको अघिल्लो कार्यकालमा आईपीआर विभागमा सल्लाहकार रहनुभएको थियो।  विभागद्वारा जारी अधिसूचना अनुसार दुवैजनाले क्याबिनेट रैङ्कको सुविधा पाउनुहुनेछ।

मुख्यमन्त्रीद्वारा श्रीधर रावलाई बधाई, धर्मगुरु तुल्कु साँगे ज्ञात्सोसँग आशीर्वाद ग्रहण

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आज आफ्नो सरकारी निवासमा वरिष्ठ पुलिस अधिकृत आईपीएस श्रीधर रावलाई सतर्कता तथा भ्रष्टाचार निवारण (Directorate of Vigilance and Anti-Corruption) को महानिर्देशकमा पदोन्नति तथा नियुक्तिका लागि बधाई दिनुभएको छ। त्यसअघि मुख्यमन्त्रीले तिब्बती धर्मगुरु, तुल्कु साँगे योतेन ज्ञात्सो गुरुंगसग-भेट गर्नुभएको थियो ।भेटका क्रममा मुख्यमन्त्रीले सिक्किमवासीहरूको तर्फबाट राज्यको शान्ति, समृद्धि र सद्भावका लागि आशीर्वाद प्राप्त गर्नुभयो।धर्मगुरुसँगको यो भेटलाई मुख्यमन्त्रीले "महान सौभाग्य"को रूपमा उल्लेख गर्नुभएको छ।

सिक्किम राज्यमा “पर्यावरण पर्व

सिक्किम राज्यमा “पर्यावरण पर्व – पृथ्वीका लागि एक दिन” शीर्षकमा विशेष पर्यवरणीय कार्यक्रम 1 जुलाईदेखि 14 जुलाई 2025 सम्म मनाइँदैछ। यो अभियान मुख्यमन्त्री प्रेम सिंह तामाङको पहलमा 2019 देखि प्रत्येक वर्ष आयोजना हुँदै आएको हो, जसको उद्देश्य राज्यमा पर्यवरण संरक्षणप्रतिको प्रतिबद्धतालाई सुदृढ गर्नु हो।यस अभियानको मुख्य अंशस्वरूप आज बिहान 11 बजेदेखि 11.7 बजेसम्म राज्यभर सात मिनेटका लागि सवारी साधनको आवागमन पूर्ण रूपमा रोकिएको थियो। यो प्रतीकआत्मक कार्यक्रम जलवायु परिवर्तनबारे जनचेतना फैलाउने र पर्यावरणप्रति उत्तरदायी व्यवहारलाई प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको हो। राजधानी गान्तोकमा पनि राज्यका विभिन्न स्थानहरूमा जस्तै आम नागरिक, संस्थान र प्रशासनको सहयोगमा यो पहल सफलतापूर्वक पालन गरिएको छ।

राष्ट्रिय राजमार्ग–10

राष्ट्रिय राजमार्ग–10 अन्तर्गत सेभोकदेखि राम्फु खण्डको भासुवा क्षेत्रमा सुरक्षाका कारण सबै सवारीसाधनको आवागमन अहिले बेलुकी 6 बजे देखी भोली साँझ 6 बजेसम्म बन्द गरिने भएको छ। NHIDCL सिलीगुडी कार्यालयद्वारा जारी आदेशअनुसार सडकको संवेदनशील अवस्थालाई ध्यानमा राखी यो निर्णय गरिएको हो।

## पृथ्वीका लागि एक दिन

पृथ्वीका लागि एक दिन" कार्यक्रमअन्तर्गत आज 3 माइलदेखि पन्ध्र माइलसम्मको राजमार्ग खण्डमा क्षेत्र विधायक थिन्ले छिरीङ् भोटीयाको मुख्य आतिथ्यमा वृक्षारोपण अभियान सञ्चालन गरियो। यस एकदिने अभियानको आयोजना सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले गरेको हो। कार्यक्रमको सफल कार्यान्वयनका लागि वन तथा पर्यावरण विभाग, 3 माइल चेकपोस्टका पुलिस, पंचायती राज संस्था (PRIs), जेएन रोड ट्याक्सी चालक तथा, विभिन्न लाइन विभागहरू तथा स्थानीय समुदायहरूको सक्रिय सहभागिता रहेको थियो।

## मौसम विज्ञान विभाग द्वारा प्राप्त जानकारी

मौसम विज्ञान विभाग द्वारा प्राप्त जानकारी अनुसार आज गान्तोक वरपरको अधीकतम तापमान 23.8° सेल्सियस अनि न्युनतम तापमान 18.3°सिलीयस रिकर्ड गरियो। विभागको पुर्वानुमान अनुसार भोलि आकाशमा बादल छाईरहनुका साथै मेघ गर्जन सहित हल्का वर्षा हुने सम्भावना गरिएको छ।